# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं माघ २३ गते २०१२ साल

### पब्लिक सर्भिस कमिशनको
### विज्ञापन नं. २५ क।०१२

स्वास्थ्यमंत्रालयअन्तर्गत नर्सेज ट्रेनिङ्ग प्रोजेक्टलाई एक जना काउन्टर पार्ट नर्स चाहिएको छ। योग्य उमेद्वारहरूले प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा भरी २०१२ साल फागुन १६ गते रोज १ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त दिनु होला। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गौडा, गोस्वारामा पनि पाइने छ। दरखास्त साथ फी पठाउन पर्दैन।

१. पदः– गजेटेड, तीन वर्षको अस्थायी।

२. आवश्यक न्यूनतम योग्यताः-सरकारबाट स्वीकृत मण्को सीनियर सर्टिफिकेट अफ नर्सिङ एण्ड मिडवाइफ्री।



२८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. विशेषयोग्यता:— नेपाली र अंग्रेजीमा बोल्न र लेख्न सक्ने हुनुपर्छ। नर्सेजहरूलाई सिकाउन र तालिम भईपर्ने हुनाले सो कामको अनुभव भए-कालाई ग्राह्यता दिइने छ।

४. मासिक तलब र भत्ता इत्यादि समेत जम्मा रू. २४५ ॥।

५. काम उपत्यकामा रहेको नर्सिङ प्रोजेक्ट स्कूलमा कन्या विद्यार्थीहरूलाई नर्सिङ विषय पढाउने र सिकाउने।

६. विशेष सहुलियत:—नर्सेज ट्रेनिङ स्कूलको सजिसकाउ घरमा बस्न पाउने, भाडा तिर्नु पर्दैन।

आज्ञाले—

खड्गमान मल्ल

सेक्रेटरी— पब्लिकसर्भिस कमिशन

सिंहदरबार काठमाडौं नेपाल

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।